भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. ०८१/८२
च.नं : १६०१

मितिः२०८२/०३/२५

श्री राष्ट्रिय बाल अधिकार परिषद,
श्रीमहल, पुल्चोक, ललितपुर ।

विषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा राष्ट्रिय बाल अधिकार परिषदको मिति २०८१/०१/१७ गते गोरखापत्रमा प्रकाशित सूचना तथा सोही परिषदको मिति २०८१/०१/२८ गतेको पत्रानुसार वा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ बमोजिम प्रत्येक स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सडकमा बस्ने बालबालिका भए उद्धार, पुनःस्थापना, तथा संरक्षण गर्न समन्वय र सहकार्य गर्ने गराउने र नभएमा प्रत्येक स्थानीय तहका वडा तथा गाउँपालिकालाई सडकमा बस्ने बालबालिका नभएको निर्णय तथा घोषणा गरी सोको जानकारी गराउने भनिएकोले यस भूमे गाउँपालिकाको वडा समितिबाट सडक बालबालिका नभएको भनी निर्णय तथा घोषणा गरेको लिखित जानकारी प्राप्त भएकोले तथा भूमे गाउँ कार्यपालिका कार्यालयको कार्यपालिका वैठकले कुनै पनि सडक बालबालिका नभएको भनी निर्णय तथा घोषणा गरेकोले यस स्थानीय तह सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको व्यहोरा अनुरोध छ ।

<u>बोधार्थः</u>

१. सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, नेपाल ।
२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंह दरबार काठमाण्डौं ।

.................
देविलाल वि.क
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय/घोषणा गरिएको जानकारी प्राप्त भएकोले यस स्थानीय तह सडक बालबालिका मुक्त भएको निर्णय तथा घोषणा गरियो ।

निर्णय नं. ८

भूमे गाँउपालिकाकोआर्थिक बर्ष २०८२।२०८३ को अन्तिम चौमासिक तथा बार्षिक अवधिमा सम्पादित कामहरु तथा सेवा प्रवाहको समिक्षा मिति २०८२।०३।२७ गते तथा सार्वजनिक सुनुवाई मिति २०८२।०३।३० गते भूमे गाँउपालिकामा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ नेपाल राजपत्रमा प्रकाशन भएको सूचना बमोजिम यस गाँउपालिका अन्तर्गत करार तथा ज्यालादारिमा कार्यरत सम्पुर्ण कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

भुमे गाउँपालिका वडा नं. ३ किमुबोट स्थित मदन सुनारको नाममा रहेको जस्तापातावाट बनेको ढेब्ली र भित्र रहेको सामानहरु माथीवाट खसेको ढुङ्गाले क्षती पुगेकको हुदाँ क्षतिको प्राविधिक निरिक्षण गरि मापडण्ड अनुसार राहत रकम सहयोग गर्ने निर्णय गरियो ।

---

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — फरक | मत नरहेको — | |